## पाठ १६

# माउजङ बाबुसाहेबको कोट

भवानी भिक्षु

puspas.com.np

**शब्दार्थ**

| | |
|---|---|
| बिर्ता | : सरकारलाई तिरोभरो गर्नु नपर्ने गरी प्राप्त भएको जग्गा |
| क्रोधी | : रिसाहा |
| उद्दण्ड | : आक्रमक, अरूलाई वशमा राख्न चाहने, कडा स्वभावको |
| जफत | : अरूको वस्तु नियन्त्रणमा लिने काम |
| आमाचकारी | : मनपरी बोल्ने, जथाभावी गाली गर्ने |
| रैती दुनियाँ | : सर्व साधारण जनता |
| मानस | : मन, हृदय |
| चक्षु | : आँखा |
| कदाचित् | : कहिले, कुनै कारणले |
| भयत्रस्त | : भय, आतङ्कित |
| अजेय | : जित्न नसकिने |
| गौरवशाली | : सम्मानित |
| विरूप | : नराम्रो आकृतिको, भद्दा, कुरूप |
| उपहास | : गिल्ला, खिसी, बदनामी, निन्दा |
| धृष्टता | : बेसरमपन, निर्लज्जता |
| प.क.ज. | : राणाकालमा पश्चिमतिरको कमान्ड गर्ने जर्नेल, पश्चिमतिरको कमान्डिङ जर्नेल |
| परचक्री | : अरूको भरमा हिँड्ने |
| बकस | : पुरस्कार, इनाम |
| मूक | : उमेर पुगेपछि पनि बोल्न नसक्ने, मौकामा बोल्न नसक्ने |
| हिन्दुस्थान | : भारत |
| कालिगड | : हस्तकलाको काम गर्ने व्यक्ति, कर्मी |
| राजसी | : राजाहरू जस्तो |
| साध्य | : पुरा गर्न सकिने, सिद्ध गर्न सकिने |
| अचेतन | : चेतना नभएको, चेतनाशून्य |
| महिमा | : ख्याति, यश, प्रशंसा |
| गुरुत्व | : गुरु हुनाको भाव, महत्त्व, गहकिलोपना |
| इख | : डाहा, रिस, इबी |
| ठुल्याइँ | : ठुलो हौं भन्ने भाव |
| बडाइँ | : बडो हौं भन्ने भाव |
| केन्द्राकर्षण | : मुख्य रूपमा ध्यान तान्ने |
| परिमेय | : नाप, तौल गर्न सकिने, सीमित |
| गुरुता | : गुरु हुनाको भाव, महत्त्व |
| दौडाहा | : भ्रमण, आफ्ना मातहतका अड्डाहरू जाँचबुझ गर्न जाने काम |
| मुस्लो | : आगाको बाक्लो ज्वालो, कुहिरो, धुवाँ आदिको लहर |
| सखाप | : नाश |
| इस्त्री | : कपडा सम्याउने वा मिलाउने फलामे साधन |
| बडा हाकिम | : हाल प्रमुख जिल्ला अधिकारी जस्तै जिल्लाको मुख्य अधिकारी |
| हिफाजत | : जतन |
| अभिमान | : घमण्ड, सेखी |
| दामी | : धेरै मोल पर्ने, मूल्यवान् |
| अन्तर्चिन्तन | : भित्री सोचाइ |
| ऊनी | : ऊनले बनेको |

pupspas.com.np

| | |
|---|---|
| खिल्ली | : मजाक, गिल्ला |
| विषाद | : सोचेको कुरा नपुग्दा खिन्नता, दिग्दारी |
| आर्द्रता | : पानीले भिजेको, चिसोपना |
| कायकल्प | : परिवर्तन, उलटपुलट |
| रफु | : फाटेको, च्यातिएको ठाउँमा राम्ररी टाल्ने, सिउने काम |
| उत्कण्ठा | : जान्ने इच्छा, उत्सुकता, चौचौ |
| उद्विग्न | : छटपटी, चिन्तित, आकुल व्याकुल |
| कृतज्ञ | : गुन मान्ने, गरेको गुन देख्ने |
| उद्वेग | : हडबडी, आवेग, छिटो हिँडाइ |
| अवश्यमेव | : पक्कापक्की, निश्चय नै |
| तीक्ष्ण | : तिखो |
| तात्कालिक | : तत्कालको |
| औदार्य | : उदारता |
| क्लेश | : पीडा, वेदना |
| वस्तुतः | : साँच्चै, वास्तविक रूपमा |
| बडप्पन | : म ठुलो हुँ भन्ने भाव |
| तन | : शरीर |
| क्षमाशील | : माफी दिने स्वभाव |
| परिपालक | : राम्ररी पालन पोषण गर्ने, संरक्षक |
| निर्विकार | : विकार नहुने, खराब नहुने |
| क्षोभ | : असन्तोष, क्रोध, रिस |
| आवेग | : झोक, मनमा उब्जने हडबडी |
| प्रसङ्गानुकूल | : सिलसिलाअनुसारको, मिल्दोजुल्दो |
| अभ्यस्त | : दक्ष, निपुण, अभ्यास गरेको |
| जेब | : गोजी |
| आघात | : चोट, ठक्कर, व्यथा |
| प्रलय | : सर्वनाश, विध्वंस, सारा संसारकै अन्त्य |
| असीम | : सीमा नभएको, ज्यादा, धेरै |
| अवाक् | : बोली ननिस्कने वा बोल्न नसक्ने स्थितिको, मौन, चुपचाप |
| वेपरवाह | : परवाह नभएको भाव |

## अभ्यास

पेज १५७

**सुनाइ**

१. **पाठको नवौं अनुच्छेद सुनेर सारांश भन्नुहोस् ।**

उत्तरः गृहमन्त्रीको आगमन हुने भएकाले स्वागतको प्रबन्ध मिलाउने समितिमा माउजङ वाबुसाहेबलाई राखिएकाले प्रबन्ध मिलाउन नेपालगन्ज जानुअघि आफ्नो कोट मिलाउन उनले सावधानीपूर्वक ब्रस गरे । कोटमा धुलोको मुस्लो जमेको थियो । उनले त्यो देखेर सबैलाई झपारे । उनले भएको धुलो सावधानीपूर्वक झारेर कोट किलामा झुन्ड्याए । बडा हाकिम कहाँ भोलिपल्ट जानुपर्ने भए पनि कोटको समस्या निकै जटिल थियो ।

२. **पाठको २२ औं अनुच्छेद सुनी निर्विकार, क्षोभ र आवेग शब्दको अर्थ बताउनुहोस् ।**

उत्तरः निर्विकर- विकार नहुने, खराब नहुने
क्षोभ- असन्तोष, क्रोध, रिस
आवेग- झोक, मनमा उब्जने हडबडी

३. **पाठको अन्तिम अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।**

उत्तरः पाठको अन्तिम अनुच्छेद शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग लेख्ने ।

puspas.com.np

**बोलाइ**

४. **तलका शब्द शुद्ध उच्चारण गर्नुहोस् ।**

**क्रोधी, चक्षु, पर्यन्त, धृष्टता, मूक, कालिगड, गुरुत्व, दौडाहा, मुस्लो, इस्त्री, आर्द्रता, कायकल्प, उत्कण्ठा, उद्विग्न, कृतज्ञ, उद्वेग, अवश्यमेव, तीक्ष्ण, तात्कालिक, औदार्य, क्लेश, वस्तुतः, निर्विकार, अभ्यस्त**

**उत्तर:** दिइएको शब्द विद्यार्थीले शुद्धसँग उच्चारण, गर्ने उच्चारण गर्न नसके शिक्षकको सहयोग लिने ।

५. **तलका शब्दलाई वाक्यमा प्रयोग गरी भन्नुहोस्:**

**बिर्ता, उद्दण्ड, जफत, चक्षु, विरूप, धृष्टता, अभिमान, वस्तुतः, बडप्पन, तन, क्षमाशील**

**उत्तर:** बिर्ता- मध्यकालीन नेपालमा राजा महाराजाबाट जनतालाई बिर्ता दिने चलन थियो ।
उद्दंड- केही उद्दण्ड केटाहरूले आजको सभा बिथोले ।
जफत- भ्रष्टाचार गरेर कमाएको रविको सम्पत्ति सरकारले जफत गऱ्यो ।
चक्षु- हामीमा भएको ज्ञान चक्षुले सधैँ काम गर्नुपर्छ ।
विरूप- काठमाडौँको धुलोले मानिसलाई एकै दिनमा विरूप बनाउँछ ।
धृष्टता- उसले अनुमतिविना सभामा बोल्ने धृष्टता गऱ्यो ।
अभिमान- उसलाई विद्वान् छु भन्ने अभिमान छ ।
वस्तुतः- वस्तुतः राम एउटा इमानदार केटो हो ।
बडप्पन- हामीले कहिल्यै बडप्पन देखाउनुहुन्न ।
तन- उनी तन, मन, धन लगाएर समाज सेवामा लागेका छन् ।
क्षमाशील- सन्तहरू क्षमाशील हुने गर्छन् ।

६. **पाठको कथा कस्तो लाग्यो ? दुई जना साथी मिलेर संवाद गर्नुहोस् ।**

**उत्तर:** पाठको कथालाई दुईजना मिलेर प्रस्तुत गर्ने ।

**पढाइ**

७. **पाठका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्नुहोस् ।**

**उत्तर:** पाठका अनुच्छेदहरू विद्यार्थीले पालैपालो सस्वरवाचन गर्ने ।

८. **पाठको पाँचौँ अनुच्छेद पढ्नुहोस् र पाँचओटा प्रश्न बनाउनुहोस् ।**

क) बाबुसाहेबले जुरुक्क उठेर के गरे ?
ख) बाबुसाहेबले कोटको बखान कसरी गरे ?
ग) बाबुसाहेबको दृष्टि कहाँ पऱ्यो ?
घ) पुरानो कोटप्रतिको बाबुसाहेबको धारणा कस्तो रहेको छ ?
ङ) अङ्ग्रेजहरूको अवस्था कस्तो थियो ?

९. **तलको अनुच्छेद पढ्नुहोस् र मुख्य चारओटा बुँदा टिपोट गर्नुहोस् ।**

*इस्लामी समाजमा पुरा एक महिना पवित्रताको महिना हुन्छ । सम्पूर्ण वातावरणमा इमान छाएको हुन्छ । सम्पूर्ण समाजलाई नैतिक पवित्रता र आचरणको सौन्दर्यले ढाकेको हुन्छ । फलस्वरूप यस्तो वातावरणमा नराम्रो काम हुँदै हुँदैन । बरु असल काम मात्र हुन्छ । असल मानिसहरू असल काममा एक अर्कालाई सहयोग गर्छन् । धनी वर्गमा गरिबहरूलाई सहयोग गर्ने भावना जागृत हुन्छ । रोजाको यो समयमा सम्पूर्ण इस्लामहरू समान अवस्थामा हुन्छन् । समान अवस्थामा हुँदा सबैले एकै जमात वा समुदायमा भएको अनुभव गर्छन् । यो उनीहरूबिच बन्धुत्व, सहानुभूति तथा पारस्परिक सुसम्बन्ध कायम गर्ने एउटा प्रभावकारी पर्व हो । (मौलाना सैय्यद अबुल आला मौदुदी : इस्लाम दर्शन)*

**उत्तर:** क) इस्लामी समाजमा पुरा एक महिना पवित्रताको हुने भएकाले यस महिनालाई इमान र नैतिकताले ढाक्ने गरेको,
ख) यस महिनामा सबै असल काम हुने र सबै असल काममा जुट्ने,

ग) धनी वर्गमा गरिबहरूलाई सहयोग गर्ने भावना जागृत हुने र सबै इस्लाम धर्मावलम्बीहरू समान अवस्थामा आबद्ध हुने,

घ) रोजाको बन्धुत्व, सहानुभूति र पारस्परिक सुम्बन्ध कायम गर्ने एउटा प्रभावकारी पर्वका रूपमा रहेको ।

१०. **तलको अनुच्छेदहरू पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

*पछिल्लो जनगणना (२०६८) अनुसार नेपालमा १२३ ओटा भाषा बोलिन्छन् । यी भाषाहरू भोटबर्मेली, भारोपेली, आग्नेय र द्रविड परिवारमा बाँडिएका छन् । यी भाषाहरूमध्ये केही भाषाका एक लाखभन्दा बढी वक्ता छन्, ती भाषाहरू शिक्षा र सञ्चार माध्यममा प्रवेश गरिसकेका छन् । अरू अधिकांश भाषाका १० हजारभन्दा कम वक्ता छन् र ती लोपोन्मुख अवस्थामा छन् । केही भाषाहरू जस्तै : पोइङ, छुक्वा आदि जस्ता भाषाहरू लोप भएको पनि धेरै भएको छैन । दुरा, कुसुन्डा, तिलुङ जस्ता भाषाका वक्ताहरू त एक दुई जना मात्र छन् । संसारमै ६ हजारको हाराहारीमा बोलिने भाषामध्ये हरेक हप्ता एउटा भाषा मर्ने अनुमान गरिएको छ । यसले पनि सङ्केत गर्छ कि नेपालका केही भाषाहरू लोप हुने लाममा लामबद्ध भइसकेका छन् । भाषा मानिसको अमूल्य सम्पत्ति हो । भाषामै मानिसका अनुभव, विचार, संस्कृति, पहिचान आदि सुरक्षित हुन्छन् । त्यसैले भाषा लोप भए झैं संस्कृति र पहिचान पनि हराएर जान्छन् । भाषासँगसँगै स्थानीयता, लोकगाथा र लोकपरम्परा जस्ता कुराहरू पनि हराएर जान्छन् । त्यसैले संयुक्त राष्ट्र सङ्घले भाषालाई मानवताको अमूर्त सम्पदा मानेको छ । त्यसैले यसको संरक्षण र संवर्धन गर्नुपर्ने कुरामा जोड दिएको छ । हामीले पनि हाम्रा भाषाको संरक्षण, सवर्धन र विकास गर्नु आवश्यक छ । आफ्नो मातृभाषा बोल्दा हीनताबोध होइन, गर्व गर्नुपर्छ ।*

**(डा. तारामणि राई : 'नेपालमा मातृभाषा' शीर्षक लेखबाट)**

**प्रश्नहरू**

**(क) पछिल्लो जनगणनाअनुसार नेपालमा कति ओटा भाषा बोलिन्छन् ?**

**उत्तरः** पछिल्लो जनगणनाअनुसार नेपालमा १२३ ओटा भाषा बोलिन्छन् ।

**(ख) नेपालमा कुन-कुन परिवारका भाषा बोलिन्छन् ?**

**उत्तरः** नेपालमा भोटबर्मेली, भारोपेली, आग्नेय र द्रविड परिवारका भाषा बोलिन्छन् ।

**(ग) कस्ता भाषाहरू शिक्षा र सञ्चार माध्यमं प्रवेश गरिसकेका छन् ?**

**उत्तरः** एकलाखभन्दा बढी वक्ता भएका भाषाहरू शिक्षा र सञ्चार माध्यममा प्रवेश गरिसकेका छन् ।

**(घ) कस्ता भाषाहरू लोपोन्मुख अवस्थामा छन् ?**

**उत्तरः** दस हजारभन्दा कम वक्ता भएका भाषाहरू लोपोन्मुख अवस्थामा छन् ।

**(ङ) संसारमा जम्मा जम्मी कति भाषाहरू छन् ?**

**उत्तरः** संसारमा जम्माजम्मी ६ हजार भाषाहरू छन् ।

**(च) किन भाषा लोप भएसँगै संस्कृति र पहिचान पनि हराएर जान्छन् ?**

**उत्तरः** मानिसका अनुभव, विचार, संस्कृति र पहिचान सुरक्षित राख्ने भाषा लोप भए सँगै संस्कृति र पहिचान पनि हराएर जान्छन् ।

## लेखाइ

११. **पाठका कुनै दुई अनुच्छेदको अनुलेखन गर्नुहोस् :**

**उत्तरः** पाठको कुनै अनुच्छेद शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग लेख्ने ।

puspas.com.np

**१२. तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

**(क) माउजङ बाबुसाहेबको स्वभाव कस्तो थियो ?**

**उत्तर:** माउजङ बाबुसाहेब एकोहोरो स्वभावका थिए । कुनै पनि नाच, सभा, भोज भतेरमा वा मारपिट, त्रास, आतङ्क जुनसुकै बेलामा पनि उनी गहिरो मास रङको बेन्सनको लामो ओभर कोट लगाएर उपस्थित हुन्थे । घरानियाँ राणा परिवारका सदस्य भएका नाताले उनमा राणाहरूको स्वभाव प्रस्ट रूपमा देखिन्थ्यो । नेपालगन्ज इलाकाका बिर्तावाल माउजङ बाबुसाहेब अत्यन्त क्रोधी, उद्दण्ड स्वभाव भएका मानिस थिए । कसैको घर काटी खेत जफत लिनु, कसैलाई लुटी छाड्नु र कसैलाई आमाचकार गाली गरी बेसरी बेइजत गर्नुमा उनी गर्व गर्थे । यसरी उनको स्वभाव असामान्य प्रकृतिको थियो । उनका गतिविधिबाट सर्वसाधारण निकै त्रसित हुन्थे ।

**(ख) माउजङ बाबुसाहेबले नयाँ कोट किन्न नचाहनुको कारण के हो ?**

**उत्तर:** माउजङ बाबुसाहेबको कोट आतङ्कको प्रतीक थियो । त्यही कोट लगाएर हिँडेपछि सर्वसाधारणले राणाकालीन आतङ्कको स्मरण गर्थे । अजेय गौरवशाली त्यस कोटबाट कुनै कुरा कोट्याउन कसैले हिम्मत गर्दैनथे । चहकिलो मास रङको त्यो कोट घुस्रो फुस्रो र मैलो, विरूप हुन गएको भए पनि साराका आँखा त्यसैमा पर्थे । प.क.ज साहेबबाट प्राप्त त्यो कोट हिन्दुस्थानीबाट बनाइएको हो । राजसी रवाफ, अतीतको गौरव र महिमामय अतीतको प्रतीक बेन्सन कपडा, ह्वाइट्वे रेलिङ विभागमा तयार पारिएको भएर पनि त्यसको महत्त्व ठुलो रहेको छ । हरेक उत्सवहरूमा आकर्षणको केन्द्र र अतीतको गौरवको प्रतीकका रूपमा रहेकाले नै माउजङ बाबुसाहेबले नयाँ कोट किन्न नचाहनुको प्रमुख कारण हो ।

**(ग) 'माउजङ बाबुसाहेबको कोट' कथामा नेपालको कुन ठाउँ र कुन समयको चित्रण गरिएको छ ?**

**उत्तर:** 'माउजङ बाबुसाहेबको कोट'कथामा पश्चिम तराईको नेपालगन्ज इलाका क्षेत्रको चित्रण गरिएको छ । माउजुङ बाबुसाहेबको उच्चता ग्रन्थी (ठुलो खानदान को हुँ भन्ने मानसिकता) देखाउन गाउँ नै उपयुक्त हुने भएकाले कथाकारले गाउँलाई रोजेको बुझिन्छ । गाउँमा परम्परागत आदर्श टिक्ने र सम्मान पाउने अवस्था हुन्छ । माउजङमा रहेको अतीतप्रतिको भ्रमपूर्ण मोहलाई देखाउन गाउँमा नै उपयुक्त हुने हुनाले यस कथामा गाउँलाई नै पृष्ठभूमि बनाइएको छ ।

कोट च्यातिएको घटना यस कथाको केन्द्रबिन्दु हो । यो घटना नेपालगन्ज (सहर) मा घटेको छ । यस कथाका महत्त्वपूर्ण घटनाहरू भने सहरमै घटेका छन् । घटना घटेको आधारमा सहर नै हो कि भन्ने स्थिति देखिए पनि कार्यपीठिका चाहिँ गाउँ नै रहेको छ । यस कथामा २००७ सालको क्रान्तिपछि उच्च वर्गका राणा परिवारमा परेको असर र मानसिकताको चित्रण गरिएको छ ।

**(घ) 'माउजङ बाबुसाहेबको कोट' कथाको शीर्षक के कति कारणले उपयुक्त छ ?**

**उत्तर:** कथाकार भवानी भिक्षुद्वारा लिखित 'माउजङ बाबुसाहेबको कोट' एक सामाजिक विषय वस्तु आधारित चर्चित कथा हो । यो कथा राणाहरूको जीवनमा आधारित छ । २००७ सालको ऐतिहासिक जनक्रान्तिपछि राणाहरूको जीवनमा देखिएको दुर्गतिलाई माउजङ बाबुसाहेब नामक पात्रका माध्यमबाट देखाइएको छ । बाबुसाहेबको कोटलाई केन्द्रबिन्दुमा राखेर तत्कालीन राणाहरूको अवस्था देखाइएकाले प्रस्तुत कथाको शीर्षक विषय अनुकूल सार्थक रहेको छ ।

माउजङ बाबुसाहेब यस कथाका प्रमुख चरित्र हुन् । उनी पुरानो विचारधाराका मानिस हुन् । उनमा राणाकालीन अतीतप्रतिको मोह तीव्र रूपमा जागेको छ । राणाशासन समाप्त भई देशमा प्रजातन्त्र आए पनि राणाहरूको धाक, रवाफ र सुख तथा विलासमय जीवनप्रति उनको मोह छ । त्यसैले उनी समयानुसार चल्न सक्दैनन् । राणाहरूकै रोब, रवाफ र खानदानप्रति मोह राख्ने व्यक्तिको प्रतीकका रूपमा थोत्रो र

pusbas.com.np

मक्किसकेको कोटलाई अघि सारिएको छ । उनको कोट च्यातिनु प्रतीकात्मक अभिव्यक्ति हो । यस घटनाले राणा शासनको पतनलाई जनाउँछ र त्यो कोट पनि एउटा काङ्ग्रेस मधेसीका हातबाट च्यातिएको देखाएर प्रतीकात्मक रूपमा राणाशासनको अन्त्यमा काङ्ग्रेसबाट भएको जनाइएको छ । यस कथामा बाबुसाहेवले अति मोह राखेर आफ्नो आत्मीय वस्तु कोट नै नष्ट भएको देखाएर उनमा यस घटनाले ठूलो मानसिक दुर्घटना भएको देखाइएको छ । यस कथाका सारा घटनाहरू माउजङ बाबुसाहेबको कोटकै सेरोफेरोमा घटित छन् । त्यही कोटलाई केन्द्रविन्दु बनाएर व्यक्तिको मानसिकता र तत्कालीन राजनीतिक परिवेशको समेत चित्रण गरिएका कारण यस कथाको शीर्षक विषय वस्तु अनुकूल सार्थक रहेको छ ।

**(ङ) पाठको कथाले के कस्तो सन्देश दिएको छ ?**

**उत्तर:** कथाकार भवानी भिक्षुद्वारा लिखित 'माउजङ बाबुसाहेबको कोट' कथामा एकजना राणाकालीन उच्च वर्गको पात्रका माध्यमबाट परम्पराप्रति मानिसको अति मोह प्रीतिकार हुँदैन भन्ने सन्देश दिइएको छ । यस कथामा उच्च घरानियाँ राणाहरूको जीवनचर्यालाई आधार बनाएर 'हिङ नभएर पनि हिङ बाँधेको टालो, जस्तो सम्झने २००७ सालपछिको राणाहरूको मनोवृत्तीयमा संस्कारलाई चिनाइएको छ ।

राणाशासनका बेला उनीहरूको समाजमा धाक रवाफ थियो । उनीहरू आफूलाई सर्वेसर्वा ठान्थे । आफूलाई शासक र सर्वसाधारणलाई भुसुना सरह ठान्ने प्रवृत्ति उनीहरूमा थियो । त्यस्तै राणाकालीन मानसिकताबाट ग्रसित पात्रका रूपमा यस कथाका माउजङ बाबुसाहेब देखा पर्छन् । उनीसँग एउटा पुरानो कोट छ । धुलै धुलो र मक्किसकेको भए पनि उनी त्यसलाई आफ्नो कुलको इज्जत र प्रतिष्ठाको प्रतीक ठान्छन् । इतिहास बोकेको त्यसै कोटले गर्दा उनको समाजमा रवाफ कायम रहेको उनले बुझेका छन् । राजनीतिक र मानसिक रूपबाटै परिवर्तन भइसकेका अवस्थालाई उनले बुझ्न सकेका हुँदैनन् । राणाकालीन रोव रवाफले गर्दा राणाहरू २००७ सालको परिवर्तनमा समाहित हुन नसक्दा राजनीतिक रूपले मात्र होइन मानसिक रूपले पनि पतनोन्मुख बन्दै गएको कुरालाई यस कथामा देखाइएको छ ।

अतः परम्पराप्रतिको अति मोह मानिसले त्याग्नु पर्ने र समयको परिवर्तनसँगै आफूलाई समाहित गनुपर्ने सन्देश यस कथाले दिएको छ । समायानुकूल आफूलाई समाहित गर्न नसक्दा माउजङ बाबुसाहेबको जुन हालत भयो, त्यही हालत मानिसले बेहोर्नुपर्ने कुराप्रति पनि सचेत गराइएको छ ।

**१३. 'माउजङ बाबुसाहेबको कोट' कथाको सारांश लेख्नुहोस् ।**

**उत्तर:** माउजङ बाबुसाहेब पश्चिम नेपालको नेपालगन्ज इलाका क्षेत्रमा बसोबास गर्ने एक उच्च राणापरिवारका मानिस थिए । उनीसँग एउटा गहिरो मास रङको बेन्संनको लामो अनि पुरानो कोट थियो । उनी त्यस कोटलाई हरेक अवसरमा लगाउँथे । उद्दण्ड र क्रोधी स्वभावका बाबुसाहेब सर्वसाधारणलाई हेप्ने, गाली गर्ने र बेइजत समेत गर्थे । उनको कोट आतङ्ककै प्रतीक बनेको थियो । उनको पुरानो कोटलाई अरूले उपहार गरे पनि उनी त्यस कोटको इतिहास र त्यसले पार्ने प्रभावलाई सम्झेर मख्ख पर्थे । उनको त्यो कोट हरेक उत्सव र कार्यक्रमहरूमा सबैको ध्यानाकर्षण गराउने वस्तुको रूपमा रहेकाले उनी भित्रभित्रै गदगद हुन्थे । गृहमन्त्रीको दौडाहामा स्वागत प्रबन्ध मिलाउन जानुपर्ने भएकाले उनले त्यही आफ्नो कोटलाई सफा गर्ने निधो गरे । कोट धुलाम्मै थियो र मक्किसकेको पनि थियो । कोट पोको पारेर नेपालगन्जस्थित गुरदिनको घरमा पुगी इस्त्री लगाइदिन अराए । उसले इस्त्री लगाएर दिएको पुरानो कोट लगाएर बडा हाकिमसँग भेट हुँदा कोट पुरानै भए पनि उनी गर्व गर्छन् । यस्तैमा एकजनाले मन्त्रीको सवारी हुँदा पनि पुरानै कोट लगाउने भनेर खिल्ली उडाए पनि उनी मानसिक रूपबाट पत्याउने पक्षमा थिएनन् । कोटको

puspas.com.np

गर्धनमा मैलो परेको कुराले चिन्तित हुँदै उनी आफ्नो कोठामा फर्किन्छन् । मन्त्रीको दौडाहा हुन एकदिन मात्र बाँकी रहँदा लखनउ गएर कोट ड्राइक्लिनिङ गराउने र गर्धनमा घस्केको ठाउँमा रफु गर्न लगाउने निधो गरेर सबैलाई जानकारी गराउँछन् । लखनउबाट कोटको कायाकल्प गराएर ल्याई मन्त्रीको भोजमा सामेल हुन जानका लागि तयार हुँदा त्यही कोट लगाएपछि उनमा सरलताको भाव झल्कियो । मन्त्रीसँग भोज खाएर फर्कन लाग्दा उनको कोट च्यातियो । यस घटनाले उनलाई ठुलो आघात पऱ्यो र उनलाई बल्ल राणाहरूको राज गएको अनुभव भयो ।

१४. **माउजङ बाबुसाहेबको कथामा के कस्तो मनोविज्ञानको चित्रण गरिएको छ, विवेचना गर्नुहोस् ।**

**उत्तर:** कथाकार भवानी भिक्षु (१९६६-२०३८) द्वारा लिखित 'माउजङ बाबुसाहेबको कोट' एक सामाजिक विषय वस्तुमा अधारित चर्चित कथा हो । २००७ सालको ऐतिहासिक पृष्ठ भूमिमा संरचित यस कथामा राणाशासन समाप्त भई नयाँ युगको सुरुवात भए पनि उच्च घरानियाँ राणा परिवारमा देखिने धाक रवाफ एक सुख सफल जस्ता कुरा मानसिक रूपबाट हट्न नसकेको वास्तविक अवस्थाको चित्रण यस कथामा गरिएको छ ।

यस कथाका प्रमुख चरित्रका रूपमा आएका माउजङ बाबुसाहेब एवम् उच्च घरानियाँ राणा परिवारका सदस्य हुन् । उनी राणाहरू जस्तै स्वभावका थिए । अर्कालाई दुःख दिनु, उदण्ड स्वभाव देखाउनु, तथानाम गाली गर्नु उनका लागि सामान्य कुरा थिए । उनीसँग बक्सिसका रूपमा पाएको एउटा पुरानो र थोत्रो कोट थियो । त्यसलाई उनी आफ्नो गौरव सुझन्थे । त्यही कोट लगाएर उनी हरेक कार्यक्रममा उपस्थित हुन्थे र त्यस कोटको इतिहास सँगै आफ्नो खानदानी धाक रवाफ देखाउँथे । उनी पुरानो विचारधाराका मानिस थिए । उनमा राणाकालीन अतीतप्रतिको तीव्र मोह मरेको थिएन । राणाशासन समाप्त भई देशमा प्रजातन्त्र आइसके पनि उनमा राणाकालीन रोव रवाफ र सुख सयलको जीवनप्रति मोह छ । उनी समयअनुसार चल्न र समायोजन हुन सक्दैनन् । उनमा आफू राणाकालीन गौरवको प्रतिनिधि हुँ भन्ने अहम् छ । यही उच्च अहम्को प्रतीक बनेर उनको कोट देखापर्छ । उनको त्यही पुरानो प्रतीकका रूपमा रहेको कोटप्रतिको अतिशय मोहका कारण उनको नराम्रोसँग पतन भएको छ ।

मन्त्रीको सवारी हुँदा टालटुल गरी कोट लगाएर उनी हाजिर हुन्छन् । त्यस अघि बडा हाकिमसँगको भेटमा पनि उनले त्यही कोट लगाएका हुन्छन् । उनमा त्यही पुरानो र थोत्रो कोटप्रति अतिशय मोह भएर नै अर्को नयाँ कोट सिलाउँदैनन् । पुरानो कोटलाई लखनउसम्म गएर मर्मत गरी ल्याउँछन् । तर अन्तिममा त्यो कोट च्यातिन्छ । यस घटनाले उनी मर्माहत हुन्छन् । उनी मानसिक रूपमा कोटलाई आधार मानेर धाक देखाउने, त्यसको मर्मतमा श्रम र खर्च बढी गर्ने अनि अरूले केही टिप्पणी गरे पनि रिसको आवेगमा आई तुच्छ गाली गर्ने समेत गर्छन् । उनलाई कोटको गर्धनमा केही मैलो भएकोमा निकै छटपटी र पीडा हुन्छ ।

यस कथामा राणाहरूको जीवनलाई आधार बनाएर 'हिङ नभए पनि हिङ बाँधेको टालो' जस्तो सम्झने २००७ सालपछिका राणाहरूको मनोवृत्तीय संस्कारलाई देखाइएको छ । राणाहरू राजनैतिक रूपले मात्र होइन मानसिक रूपले पनि पतनोन्मुख अवस्थामा पुगेको कुरालाई यस कथामा प्रस्तुत गरिएको छ । बाबुसाहेबमा देखिएको उच्चता ग्रन्थीका कारण उनले भोग्नुपरेको मानसिक अवस्थाको चिरफार यस कथामा गरिएको छ र यसमा सामान्यभन्दा असामान्य मनोविज्ञानको प्रयोग भएको छ भन्न सकिन्छ ।

puspas.com.np

**१५. तलका बुँदा समेटी भवानी भिक्षुको जीवनी लेख्नुहोस् :**

**नाम :** भवानी भिक्षु (भवानीप्रसाद गुप्ता)

**जन्म :** वि.सं. १९६६, जेठ २१, तौलिहवा

**माता, पीता :** यशोदादेवी, इन्द्रप्रसाद गुप्ता

**शिक्षा :** हिन्दी साहित्यमा साहित्य कुलभूषण परीक्षा उत्तीर्ण

**कृति :** (क) कथा : गुनकेसरी (२०१७), मैया साहेब (२०१७) आवर्त (२०२४), अवान्तर (२०३५)

(ख) उपन्यास : आगत (२०३२), पाइप नं. २ (२०३४), सुन्तली (२०४०)

(ग) कविता : छाया (२०१७), प्रकाश २०१७), परिष्कार (२०१७)

**सेवा :** आजीवन सदस्य, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

**पुरस्कार :** मदन पुरस्कार (२०३२), साझा पुरस्कार (२०३२), त्रिभुवन प्रज्ञा पुरस्कार (२०३६)

**मृत्यु :** वि.सं. २०३८, वैशाख ४, काठमाडौं

**साहित्यकार भवानी भिक्षु**

**उत्तर:** साहित्यकार भवानी भिक्षुको जन्म वि.सं १९६६ साल जेठ २१ गतेका दिन तौलिहवामा भएको थियो । यिनको वास्तविक नाम भवानीप्रसाद गुप्ता भए पनि भवानी भिक्षुकै नामबाट यिनी नेपाली साहित्यका क्षेत्रमा चर्चित छन् । माता यशोदादेवी र पिता इन्द्रप्रसाद गुप्ताका सुपुत्र भिक्षुले हिन्दी साहित्यमा साहित्य कुलभूषणको परीक्षा उत्तिर्ण गरेका थिए । अरू कुनै औपचारिक शिक्षा हासिल नगरेका साहित्यकार भिक्षुले कथा, उपन्यास, कविता आदिका क्षेत्रमा ठुलो योगदान पुऱ्याएका छन् । यिनका **गुनकेशरी** (२०१७), **मैया साहेब** (२०१७), **आवर्त** (२०२४), **अवान्तर** (२०६५) नामक कथा सङ्ग्रहहरू, **आगत** (२०३२), **पाइप नं.२** (२०३४), **सुन्तली** (२०४०) जस्ता उपन्यासहरू, **छाया** (२०१७), **परिष्कार** (२०१७) आदि कविता सङ्ग्रहहरू प्रकाशित भएका पाइन्छन् ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्यका रूपमा रहेर काम गरेका भवानी भिक्षुले नेपाली साहित्यका विविध विधामा विशिष्ट किसिमको योगदान पुऱ्याएबापत मदन पुरस्कर (२०३२), साझा पुरस्कार (२०३२), त्रिभुवन प्रज्ञा पुरस्कार (२०३६) जस्ता पुरस्कारद्वारा यिनलाई सम्मानित र पुरस्कृत गरिएको थियो । नेपाली साहित्यका विशिष्ट व्यक्तित्व भिक्षुको निधन वि.स. २०३८ साल वैशाख ४ गतेका दिन काठमाडौंमा भएको हो ।

## व्याकरण

**१. तलको अनुच्छेद पढी आवश्यकताअनुसार वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**
**मैले स्नातकोत्तर पुरा गरी जागिर सुरु गरें । जागिरका क्रममा म देश विदेश घुमें । मैले दुनियाँ कस्तो रहेछ भन्ने कुरा थाहा पाएँ । मानिसहरूका दु:ख र सुखलाई नजिकबाट देखें । संसार के रहेछ भन्ने बुझें ।**

**उत्तर:** मबाट स्नातकोत्तर पुरा गरी जागिर सुरु गरियो । जागिरका क्रममा (मबाट) देश विदेश घुमियो । (मद्धारा) दुनियाँ कस्तो रहेछ भन्ने थाहा पाइयो । मानिसहरूका सुख र दु:ख नजिकबाट देखिए । संसार के रहेछ भन्ने बुझियो ।

puspaa.com.np

२. **पाठको २४ औं अनुच्छेदलाई वाच्य परिर्वन गरी पुनर्लेखन गर्नुहोस् ।**

**उत्तर:** *बाबुसाहेबबाट बिस्तारै सहज गतिमा बाहिर आइयो र जिउबाट कोट झिकी बाहिर उभिरहेको आफ्नो मानिसलाई दिइयो । उनीबाट आफ्नो बाटोमा चुप लागी गम्भीरतापूर्वक अगाडि बढियो । अब खालि दौरा सुरुवालमा मात्र रहेर पनि अलिक पनि उनका आँखा निहुरिएका थिएनन् । शान्त र स्थिरतापूर्वक बाटो समाप्त गरी उनीबाट जब आफ्नो घरको कोठामा आफ्नो निर्धारित आसन नजिक पुगियो, अनि थपक्क बसियो । पछि पछि उनीसँगै आएको मानिसबाट उनको कोट त्यही पुरानो किलामा झुन्ड्याएर बाहिर निस्कियो । झुन्डिएको कोट बाबुसाहेबबाट हेरिरहियो । उनको आँखा अगाडि वाल्ल परे झैं त्यो च्यातेको कोटको खल्तीले मानौं भित्री जिब्रो लप्लपाएर सोधेको थियो, "यो के भने, हैं अब के हुने हो ?" मूल भावले कुन्नि कहिलेसम्म त्यही च्यातेको खल्तीलाई स्फारित सुकेका आँखाबाट हेरिँदै माउजङ बाबुसाहेबबाट बसियो । केही बेरपछि कदाचित् कोट च्यातेको समाचार सुनेर रानीसाहेब पनि दगुर्दै पुगियो । उनीबाट नजिकै गइयो र कोट हेरिँदै सोधियो, "यो के भयो, कसरी यस्तो भयो हरे, अब के हुन्छ ।"*

३. **तलको अनुच्छेदलाई कर्तृवाच्यमा रूपान्तरण गर्नुहोस् :**

*पढ्ने वेला पढियो । खेल्ने वेला खेलियो । अरूलाई घोचपेच गरिएन । कसैलाई दुर्वचन बोलिएन । कसैको कुभलो चिताइएन । कहिल्यै अल्छी गरिनँ । सधैं जोसिलो भइयो । सधैं जाँगर चलाइयो । त्यसैले जीवनमा असफलता भोगिएन । गरेका काममा धेरै सफलता पाइयो । केही केही काममा असफल पनि भइयो । सफलता र असफता एउटै सिक्काका दुई पाटा हुन् भनिन्छ ।*

**उत्तर:** मैले पढ्ने बेला पढें । अरूलाई घोचपेच गरिनँ । कसैलाई दुर्वचन बोलिनँ । कसैको कुभलो चिताइनँ । कहिल्यै अल्छी गरिएन । सधैं जोसिलो भएँ । सधैं जाँगर चलाएँ । त्यसैले जीवनमा असफलता भोगिनँ । गरेका काममा धेरै सफलता पाएँ । केही केही काममा असफल पनि भएँ । म सफलता र असफलता एउटै सिक्काका दुई पाटा हुन् भन्छु ।

४. **कोष्ठका दिएको सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :**

(क) **एलिनाले उपन्यास लेखिन् । (कर्मवाच्य)**

**उत्तर:** एलिनाबाट उपन्यास लेखियो ।

(ख) **अशोक विज्ञान पढ्दै छन् । (कर्मवाच्य)**

**उत्तर:** अशोकबाट विज्ञान पढिँदै छ ।

(ग) **इमानले किस्सा सुनाएर हामीलाई हँसाए । (भाववाच्य)**

**उत्तर:** इमानबाट किस्सा सुनाइयो र हँसाइयो ।

(घ) **निर्मला राम्ररी नाचिन् । (भाववाच्य)**

**उत्तर:** निर्मलाबाट राम्ररी नाचियो ।

(ङ) **अब्दुलद्वारा धेरै पढियो । (कर्तृवाच्य)**

**उत्तर:** अब्दुलले धेरै पढे ।

puspas.com.np

(च) **सङ्गीताद्वारा गीत गाइयो । (कर्तृ वाच्य)**

**उत्तर:** सङ्गीताले गीत गाइन् ।

५. **तलको अनुच्छेदमा भएका वर्णविन्याससम्बन्धी त्रुटि सच्याई पुनर्लेखन गर्नुहोस् :**

*अत्यन्त नीर्बीकार शहज मन लियर बाबूषाहेब मन्त्रीज्युको जलपान समारोह स्थलामा पुग्नेबित्तीकै साराका आँखा उनको कोटमा टाँस्सिए । बिष्फारीत नेत्रले सबै उनीलाई हेरी रहे । अनि पछि एउटा दबेको मुस्क्याइ सबैको ओठमा फक्रे पनि कोहि बोलेनन् ? बाबुसाहेबले पनि यस कुरोको लक्ष्य गरे तर आज उनले छ्योभ, कोरध इत्यादि जस्ता कुराको कत्ती अनूभूति लिएनन् । आज उनि कुनै यश्यो माथिल्लो मानसिक इस्तरमा गएका थिए ।*

**उत्तर:** अत्यन्त निर्विकार, सहज मन लिएर बाबुसाहेब मन्त्रीज्यूको समारोह स्थलमा पुग्ने बित्तिकै साराका आँखा उनको कोटमा टाँस्सिए । विस्फारित नेत्रले सबै उनीलाई हेरी रहेछ । अनि पछि एउटा दबेको मुस्कान सबैका ओठमा फक्रे पनि कोही बोलेनन् । बाबुसाहेबले पनि यस कुरोको लक्षण गरे तर आज उनले क्षोभ, क्रोध इत्यादि जस्ता कुराको कत्ति अनुभूति लिएनन् । आज उनी कुनै यस्तो माथिल्लो मानसिक स्तरमा गएका थिए ।

**परियोजना कार्य**

**तपाईंको गाउँटोलमा प्रचलित कुनै एउटा लोक कथा लेखेर शिक्षकलाई देखाउनुहोस् ।**

**उत्तर:** विद्यार्थीले आफ्नो गाउँटोलमा प्रचलित कुनै एउटा लोककथा लेखेर शिक्षकलाई देखाउने ।

❑❑❑

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.